पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

पडेक्षा, कालीकोट

**आ.ब. २०८०/०८१ का लागि प्रस्तावित बजेट तथा कार्यक्रम**

* असार २०८०

# आ.ब. २०८०/०८१ को लागी बजेट तथा कार्यक्रम

०८ असार २०८०

पचालझरना गाउँपालिकाको ११ औ गाउँसभा कार्यक्रमका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु, आम पचालझरना बासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरु तथा यस सभामा उपस्थित महानुभावहरु सबैमा नमस्कार तथा अभिवादन....

आज यस सभामा म अब पचालझरना गाउँपालिकाको आ.ब. २०८०।८१ को बजेट तथा कार्यक्रम पेश गर्न गइरहेको छु ।

महान १० बर्षे जनयुद्द, ऐतिहासिक १९ दिने दोस्रो जनआन्दोलन र मधेश आन्दोलनको जगमा स्थापना भएको संघिय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दीगो शान्ति, स्थायित्व, बिकास र समृद्दीतर्फ अघिबढ्न ऐतिहासिक अवसर प्रदान गरेको छ ।यस घडीमा हामीलाई यो अवस्थासम्म पुर्याउने महान सहिदहरुलाई हृदय देखि सम्झन र हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहान्छु। ऐतिहासिक परिवर्तन र उपलब्धी संगै पचालझरना वासिको परिबर्तन प्रतिको चाहाना एवं जनआकांक्षा बमोजिम दिगो बिकास र सम्बृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेको छ। जुन प्राप्त उपलब्धीको रक्षा गर्दै थप अवसर र उपलब्धी प्राप्तीसंगै सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं दिगो र गुणस्तरिय विकास सहिदको "**समृद्व पचालझरना हाम्रो चाहना**" को सपना साकार गर्ने आधार तयार भएको छ।"**शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, कृषि तथा पशुपालन, सहकारी बिकास र पूर्वाधारः समृद्व पचालझरनाका सात आधार**" लाई रणनैतिक विकासको मुलमन्त्र बनाई, नेपालको संबिधान २०७२ द्धारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका प्रावधान, पन्ध्रौं पञ्चवर्षिय योजना, दिगो बिकास लक्ष्य, दिर्घकालिन सोच लक्ष्य तथा उद्देश्य संग तालमेल हुने गरि पचालझरना गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलब्धता संस्थागत क्षमता समेतका आधारमा आगामी आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

## आदरणीय गाउँसभा सदस्य तथा उपस्थित महानुभावहरुः

बिश्वभर कोरोना भाईरस (कोभिड १९_ का कारणले जर्जर बनेको देशको अर्थतन्त्र र त्यस पश्चान राष्ट्रिय अर्थतन्त्रमा देखिएको संकुचनका बिच आज हामी पचालझरना गाउँपालिको ११ औ गाउँसभामा यो नीति तथा कार्यक्रम पेश गर्न गइरहेका छौ ।जसको असर हाम्रो जस्तो विकास उन्मुख राष्ट्रमा त झन बढी हुने गर्दछ र त्यसबाट पचालझरना गाउँपालिका पनि अछुतो रहने कुरा भएन । सिमित स्रोत साधनबाट असिमित आवश्यकता परिपुर्ति गर्ने कुरा आफैमा मुस्किल छ, त्यसमाथि न्युन आन्तरिक स्रोतको बढोत्तरी र बढ्दो बार्षिक व्ययभार व्यवस्थापन गर्ने कुराले झन व्यवधान खडा हुदै आएको छ । यी र यस्तै यावत समस्या र चुनौतीलाई चिर्दै योजनाबद्द रुपमा समृद्व पचालझरना निर्माण गर्ने कुरामा म र मैले नेतृत्व गरेको संस्था प्रतिवद्व रहेको जानकारी गराउन चाहन्छु।

## आदरणीय गाउँसभा सदस्य तथा उपस्थित महानुभावहरुः

अब म पचालझरना गाउँपालिकाको आ.ब. २०८०।८१ को आयको अनुमान पेश गर्न चाहन्छु ।

आयको विवरण

| क्र.स. | आय विवरण | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | संघीय वित्तिय समानिकरण अनुदान | ८७४००००० | आठ करोड चौरहत्तर लाख मात्र |
| २ | संघीय सशर्त अनुदान(चालु) | १४२९००००० | चौध करोड उनन्तीस लाख मात्र |
| ३ | संघीय सशर्त अनुदान(पुँजीगत) | ११३००००० | एक करोड तेह्र लाख मात्र |
| ४ | संघीय समपुरक अनुदान | ५०००००० | पचाल लाख मात्र |
| ५ | संघीय विशेष अनुदान | २८०००००० | दुई करोड असि लाख मात्र |
| ६ | संघीय राजस्व बाँडफाँड | ७३६९३५०० | सात करोड छत्तिस लाख त्रिरानब्बे हजार पाँच सय मात्र |
| ७ | प्रदेश वित्तिय समानिकरण अनुदान | ९६८४००० | छयानब्बे लाख चौरासी हजार मात्र |
| ८ | प्रदेश सशर्त अनुदान चालु | ८४००००० | चौरासी लाख मात्र |
| ९ | प्रदेश सशर्त अनुदान पुँजीगत | १३५००००० | एक करोड पैतिसलाख मात्र |
| १० | प्रदेश समपुरक अनुदान | ४०००००० | चालिस लाख मात्र |
| ११ | प्रदेश विशेष अनुदान | ४०००००० | चालिस लाख मात्र |
| १२ | प्रदेश  राजस्व बाँडफाँड | ३५६२९३ | तिन लाख छप्पन्न हजार दुई सय त्रिरानब्बे मात्र |
| १३ | आन्तरिक आय | १०००००००० | एक करोड मात्र |
| | जम्मा | ३९८२३३७९३ | उन्नचालिस करोड बयासी लाख तेत्तीस हजार सात सय त्रिनब्बे मात्र |

उन्चालिस करोड बयासी लाख तेत्तीस हजार सात सय त्रिरानब्बे मात्र ।

अब म विषयगत रुपमा आगामी आ.ब. २०८०।८१ का लागि व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

**क. सुशासन तथा सार्वजनीक सेवाप्रवाहः** यस पचालझरना गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह र प्रशासनीक कामकाज सञ्चालनको लागि कर्मचारी तलबभत्ता, जनप्रतिनिधि सेवासुविधा, कार्यलय सञ्चालन, इन्धन, मेसिनरी औजार मर्मतसंभार, कर्मचारी तथा जनप्रतिनिधि क्षमता अभिवृद्धी, भाडा खर्च, नागरिक सहायता कक्ष (हेल्प डेस्क), हेल्थ डेस्क, अभिलेखालय, सुचना तथा अध्ययन केन्द्र, घुम्ती योजना सम्झौता शिविर सञ्चालन, नागरिकता र जग्गा सम्बन्धी घुम्ती शिविर सञ्चालन, अवकास कोष स्थापना, न्यायीक समितिको क्षमता अभिवृद्धी र कार्यलय व्यवस्थापन, मसलन्द लगायत चालुतर्फ विविध शिर्षकमा गरि जम्मा रु. सात करोड छत्तीस लाख त्रिरानब्बे हजार पाँच सय (73693500) विनियोजन गरेकोछ ।

**ख. भवन तथा पूर्वाधार विकास तर्फः** भवन, सडक, खानेपानी, सिचाँई, उर्जा, लगायत पुर्वधार तर्फ गाउँपालिकातर्फ रु. छ करोड चौतिस लाख, बिस हजार दुई सय त्रिरानब्बे (63020२९३), संघीय समपुरकतर्फ रु.पचास लाख (५०००००००), संघीय सशर्ततर्फ रु. एक करोड एघार लाख (११1०००००), संघीय बिशेष अनुदानतर्फ रु. दुई करोड असि लाख (२८०००००००), प्रदेश समपुरकतर्फ रु. चालिस लाख (४०००००००), प्रदेश सशर्ततर्फ रु. सत्तरी लाख (७०००००००), प्रदेश विषेश अनुदानतर्फ रु. चालिस लाख (४०००००००) गरि जम्मा रु. बाह्र करोड पच्चीस लाख बिस हजार दुई सय त्रिरानब्बे (१२2१20२९३) विनियोजन गरिएकोछ ।

## ग.आर्थिक विकास तर्फः

**१.कृषि  तर्फकोः कृषि उत्पादनमा वृद्दी पचालझरनाको समृद्दी** भन्ने कुरालाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धी गर्न गाउँपालिकातर्फ रु.बाह्र लाख सत्तरी हजार (१२७०००००), संघीय सशर्ततर्फ

रु. छत्तीस लाख (३६00000), प्रदेश सशर्ततर्फ रु. तिन लाख सत्तरी हजार (३७००००) जम्मा रु. बाउन्न लाख चालिस हजार (५२४०००००) विनियोजन गरिएकोछ ।

## २.पशुपंक्षी तर्फः

1. पशुपन्छी उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धिगर्दै गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन गाउँपालिकातर्फ रु. पन्ध्र लाख (१५०००००), संघीय सशर्ततर्फ रु. नौ लाख मात्र (९०००००) गरि जम्मा रु. चौबिस लाख मात्र (२४00000) विनियोजन गरिएकोछ ।

## ३. सहकारी तर्फः

१. सहकारी संस्थाहरुको व्यवसायीकताको प्रवर्धन, क्षमता अभिवृद्धी, दर्ता नविकरण, नियमन, सञ्चालन र व्यवस्थापन गर्न गाउँपालिका तर्फबाट रु. चार लाख मात्र (४०००००) विनियोजन गरिएकोछ ।

## ४. व्यवसाय दर्ता र नविकरणः

१. स्थानीय स्तरमा सञ्चालित व्यवसाय गाउँपालिकामा दर्ता नविकरण, व्यवसायीकताको प्रवर्धन, बजारीकरण र स्थानीय उत्पादन प्रचारप्रसार गर्न गाउँपालिका तर्फबाट रु. एक लाख पचास हजार मात्र (150०००) विनियोजन गरिएकोछ ।

## ५. पर्यटन तर्फः

१. हाम्रो गाउँपालिको पहिचान र सानको रुपमा रहेको पचालझरनालाई आधिकारिक निकायबाट नापी, प्रमाणित, सूचीकरण र राष्ट्रिय राजपत्रमा प्रकासन गर्ने गराउने, प्रचारप्रसार गर्ने र एकिकृत पर्यटन गुरुयोजना निर्माणको लागि गाउँपालिका तर्फबाट जम्मा रु. सात लाख पचास हजार (७५००००) विनियोजना गरिएकोछ ।

## ६. रोजगार (प्र.म.रोजगार र मु.म.रोजगार) तर्फः

१. रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारी तलब भत्ता, कार्यलय सञ्चालन र आयोजनामा संघीय सशर्ततर्फ रु. अठासी लाख (8800000) र प्रदेश सशर्ततर्फ रु. एक करोड छत्तीस लाख असि हजार (13680000) गरि जम्मा रु. दुई करोड चौविस लाख असि हजार (22480000) विनियोजन गरिएकोछ ।

## ७. उद्यम विकास तर्फः

१. उद्यम विकास कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रम, तालिम र प्रविधि हस्तान्तरण कार्यक्रमलाई पारदर्शि र प्रभावकारी बनाउदै स्थानीय स्रोतसाधन, पुँजी, प्रविधिको अधिकतम उपयोग गर्ने गरि गाउँपालिका तर्फ रु. आठ लाख पचास हजार (८५००००) र संघीय सशर्ततर्फ रु. तेह्र लाख (१३०००००) गरि जम्मा रु. एक्काइस लाख पचास हजार (२१५०००००) विनियोजन गरिएकोछ ।

## ८. बहुक्षेत्रिय पोषणतर्फः

१. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई पारदर्शि र प्रभावकारी बनाउदै पोषणमैत्री पालिका निर्माणको लागि गाउँपालिका तर्फ रु. छ लाख पचास हजार (६५००००) र संघीय सशर्ततर्फ रु. तेह्र लाख (१३०००००) जम्मा रु. उन्नाइस लाख पचास हजार (१९५०००००) विनियोजन गरिएकोछ ।

# घ. सामाजिक विकासतर्फः

**१. शिक्षा, युवा तथा खेलकुदः** शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न, गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्न शिक्षक तलबभत्ता, पाठ्यपुस्तक, छात्रवृती, दिवाखाजा र विविध कार्यक्रममा गाउँपालिका तर्फ रु. एक करोड पचहत्तर लाख (17500000) र संघीय सशर्त तर्फ रु. दश करोड एकसठ्ठी लाख (१०६१०००००) गरि जम्मा रु. बाह्र करोड छत्तीस लाख (१२36००००००) विनियोजन गरिएकोछ
। खेलकुद तर्फ रु. २० लाख विनियोजन गरिएकोछ ।

**२. स्वास्थ्य तर्फः** स्वास्थ्य सेवालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरिय बनाउन गाउँपालिका तर्फ रु. एक करोड छब्बीस लाख तिस हजार (१२६३००००), संघीय सशर्त तर्फ रु. दुई करोड दुई लाख (२०२०००००) र प्रदेश सशर्त तर्फ रु. आठ लाख पचास हजार (८५००००) गरि जम्मा रु. तिन करोड छत्तीस लाख असि हजार (33680000) विनियोजन गरिएकोछ ।

**३. महिला, बालबालिकातथा जेष्ठ नागरिक इकाईः**

१. महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, एकल महिला, गरिब तथा विपन्न नागरिक लगायत लक्षित वर्गको सशक्तिकरण र विकास, आयआर्जनमा जोड्न गाउँपालिका तर्फबाट रु. बिस लाख सत्तरी हजार (२०७००००) विनियोजन गरिएकोछ ।

**४. सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाः** सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा कर्मचारी तलबभत्ता, लगायत विविध खर्चमा संघीय सशर्त तर्फ रु. नौ लाख (९०००००) विनियोजन गरिएकोछ ।

**ङ.वन, वातावरण तथा बिपद् व्यवस्थापनः** वन, वातावरण तथा विपद व्यवस्थापनमा विपद व्यवस्थापन कोष, विपद कार्यदल गठन, प्रतिकार्य योजना र राहत तथा उद्धारको लागि गाउँपालिका तर्फ रु. छत्तीस लाख पचास हजार (३६५००००) विनियोजन गरिएकोछ ।

**च. विधायनः** कानून निर्माण, राजपत्र प्रकासन तथा अभिलेख व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारी कानून निर्माण सम्बन्धी क्षमता अभिवृद्धी गर्न गाउँपालिका तर्फ रु. दश लाख (१००००००) विनियोजन गरिएकोछ ।

धन्यवाद

अल्किना बम (बविता)
उपाध्यक्ष
पचालझरना गाउँपालिका
२०८० असार ०८ गते

व्ययको विवरण

| क्र.स. | विषयगत समिति | रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुशासन तथा सार्वजनिक सेवा व्यवस्थापन | ७३६९३५०० | ७३६९३५०० | |
| २ | सामाविक विकास तर्फ | | | |
| | क.शिक्षा,युवा तथा खेलकुद | | | |
| | गापातर्फ | १75०००००० | १२36०००००० | |
| | संघीय सशर्त | १०६१०००००० | | |
| | ख.स्वास्थ्य | | | |
| | गापातर्फ | १२६३०००० | ३३६८०००० | |
| | संघीय सशर्त | २०२०००००० | | |
| | प्रदेश सशर्त | ८५०००० | | |
| | ग.महिला,बालबालिका तथा जेष्ठ नागरिक इकाई | | | |
| | गापातर्फ | २०७००००० | २०७०००००० | |
| | घ.सामाजिक सुरक्षा तथा पञ्जीकरण | | | |

| | | | | |
|---|---|---|---|---|
| | संघीय सशर्त | ९००००० | ९००००० | |
| ३ | भवन, पुर्वाधारतर्फ(सडक, खानेपानी, सिचाँई, उर्जा आदी) | | | |
| | गापातर्फ | ५०520२९३ | | |
| | संघीय समपुरक | ५०००००० | | |
| | संघीय सशर्त | ११३०००००० | | |
| | संघीय विशेष | २८०००००० | | |
| | प्रदेश समपुरक अनुदान | ४०००००० | | |
| | प्रदेश विशेष अनुदान | ४०००००० | | |
| | प्रदेश सशर्त | ७०००००० | | |
| | अल्या तथा क्रमागत कार्यक्रम | 12500000 | १२२520२९३ | |
| ४ | आर्थिक विकास तर्फ | | | |
| | क.कृषितर्फ | | | |
| | गापातर्फ | १२७०००० | | |
| | संघीय सशर्त | ३६००००० | ५२४०००० | |
| | प्रदेश सशर्त | ३७०००० | | |
| | ख.पशुपंक्षीतर्फ | | | |
| | गापातर्फ | १५००००० | | |
| | संघीय सशर्त | ९००००० | २४००००० | |
| | ग.राजस्व तथा व्यवसाय दर्ता नवीकरण | | | |
| | गापातर्फ | 150000 | 150000 | |
| | घ.सहकारी | | | |
| | गापातर्फ | 400000 | 400000 | |
| | ङ.उद्यम | | | |
| | गापातर्फ | ८५०००० | | |
| | संघीय सशर्त | १३००००० | २१५०००० | |
| | च.बहुक्षेत्रीय पोषण | | | |
| | गापातर्फ | ६५०००० | | |
| | संघीय सशर्त | १३००००० | १९५०००० | |
| | ज. पर्यटन | 750000 | 750000 | |
| | झ. रोजगार सेवा केन्द्र | | | |
| | संघीय सशर्त | ८८००००० | | |
| | प्रदेश सशर्त | १३५००००० | २२४८०००० | |
| | प्रदेश सशर्त | १८०००० | | |
| ५ | विपद तथा वातावरण व्यवस्थान | ३650000 | ३650000 | |

| | | | | |
|---|---|---|---|---|
| ६ | विधायन | १०००००० | १०००००० | |
| | जम्मा | ३९८२३३७९३ | ३९८२३३७९३ | |